कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

5MRQ+7C6 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८१/०८२(कृषि विकास शाखा)

च.नं.:

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

तरकारी खेति उत्पादन कार्यक्रमका लागि प्रस्ताव आब्हानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति :२०८१/०८/२८

यस कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व.२०८१/८२ मा संघीय सशर्त अनुदान तर्फको वार्षिक स्वीकृत कार्यक्रम संख्या ६६४ अनुसार व्यवसायिक तरकारी खेति उत्पादन कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यहि मिति २०८१/०९/१२ गते सम्म (अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुल्ने दिन) यस कोहलपुर नगरपालिका, नगर कृषि विकास शाखामा तपसिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम यस कोहलपुर नगरपालिका, नगर कृषि विकास शाखाबाट प्राप्त गर्न सकिने छ ।थप जानकारीको लागि नगर कृषि विकास शाखाको सम्पर्क नम्बर ०८१-५४१७५८ वा ९८५७८३२०८३ मा सम्पर्क गर्न सकिने छ ।

तपसिल :-

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु र अनुदानको सीमा | न्युनतम मापदण्ड |
|---|---|---|---|
| १ | ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम । | •उन्नत बीउ, कृषि औजार एवं उपकरण, सिलपाउलीन प्लाष्टिक सहयोग हुनेछ ।<br>•अनुदान प्रति हेक्टर (३० कट्ठा) जमीनको लागि रु.५०,०००/-(पचास हजार) हुनेछ। | •ब्यबसायिक कृषक / कृषक समुह/फार्म/कृषि सहकारी मार्फत कार्यक्रम संचालन हुनेछ ।<br>• प्रस्तावकले कम्तीमा १ हेक्टर जमीन अर्थात डेढ विगाह (३० कट्ठा) मा तरकारी खेती गर्नुपर्ने छ । |

**<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>** :

१. प्रस्तावकको निवेदन, अनुसूची-२ बमोजिमको ढाँचामा ।

२. दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि (समुह/निजी फार्म/कम्पनी/ सहकारी )।

३.स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि र आ.व.२०८०/२०८१ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

५. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।

६.जग्गाको लालपुर्जाको प्रतिलिपि वा ऐलानी प्रति जग्गा भएमा क्षेत्रफल खुलाईएको वडा कार्यालयको सिफारिस पत्र ।

७. समुह वा सहकारीको अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।

८।२८

............................

(राम बहादुर हमाल)

नि.प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, agro@kohalpurmun.gov.np

+९७७-०८१-५४१७५८

www.kohalpurmun.gov.np

www.facebook.com/kohalpurmun

www.twitter.com/kohalpurmun